नेपाल सरकार

# गृह मन्त्रालय

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
फ्याक्सः ०१-४२११२८६
०१-४२११२५७
इमेल:control@moha.gov.np
mohacontrolroom@gmail.com

सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः- शा.सु.०७६/०७७/०६
प्राप्त पत्र संख्या र मितिः
च.नं.:- ३४४०

अत्यन्त जरूरी

नेपाल सरकार
गृह मन्त्रालय

मितिः २०७६/१२/१३

विषयः- निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा ।

श्री प्रहरी महानिरीक्षकज्यू,
प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाण्डौ ।
श्री सशस्त्र प्रहरी महानिरीक्षकज्यू,
सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय, हलचोक, काठमाण्डौं ।
श्री प्रमुख जिल्ला अधिकारीज्यू,
जिल्ला प्रशासन कार्यालय, सबै ।

प्रस्तुत सम्बन्धमा नोभेल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको मिति २०७६/१२/१२ गतेको बैठकले गरेको निर्णयको छायाँप्रति पाना ३ (तीन) आवश्यक जानकारी एवं कार्यार्थ यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

२०७६।१२।१३
...........................
(प्रतिक राई)
शाखा अधिकृत

अवगतार्थ
माननीय गृहमन्त्रीज्यूको सचिवालय, गृह मन्त्रालय ।
श्रीमान् सचिवज्यूको सचिवालय, गृह मन्त्रालय ।

वोधार्थ तथा कार्यार्थः
श्री विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा, गृह मन्त्रालय ।
श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय, सबै प्रदेश ।

# नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण

## उच्चस्तरीय समन्वय समिति

बैठक संख्या : १३

मिति : २०७६।१२।१२

**समय : अपरान्ह् २:०० बजे**

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६/११/१८ को निर्णयबाट माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्रीज्यूको संयोजकत्वमा गठित "नोभल कोरोना संक्रमण, रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समिति" को बैठक देहायका माननीय मन्त्रीज्यूहरुको संयोजकत्वमा बसी निम्नानुसार निर्णय गरियो।

उपस्थितिः

| | |
|---|---|
| माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री श्री ईश्वर पोखरेल | संयोजक |
| माननीय गृहमन्त्री श्री रामबहादुर थापा | सदस्य |
| माननीय परराष्ट्रमन्त्री श्री प्रदीपकुमार ज्ञवाली | सदस्य |
| माननीय शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री श्री गिरिराजमणि पोखरेल | सदस्य |
| माननीय कृषि तथा पशुपन्छी विकासमन्त्री श्री घनश्याम भुषाल | सदस्य |
| माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री भानुभक्त ढकाल | सदस्य |
| माननीय उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री श्री लेखराज भट्ट | सदस्य |
| माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री श्री योगेशकुमार भट्टराई | सदस्य |
| माननीय अर्थ र संचार तथा सूचना प्रविधिमन्त्री डा. युवराज खतिवडा | सदस्य |
| मुख्य सचिव श्री लोकदर्शन रेग्मी, नेपाल सरकार | सदस्य |
| सचिव श्री नारायणप्रसाद विडारी, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय | सदस्य सचिव |

विशेष आमन्त्रितः

माननीय उर्जा, जलस्रोत तथा सिँचाई मन्त्री श्री बर्षमान पुन

आमन्त्रितः

१. सचिव श्री महेश्वर न्यौपाने, गृह मन्त्रालय

२. सचिव श्री वैकुण्ठ अर्याल, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय

३.

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

१. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र कृषि तथा पशुपन्छी विकास मन्त्रालयले तयार गरेको स्वास्थ्य सम्वन्धी प्रोटोकल अनुसार चीनतर्फका रसुवागढी र तातोपानी नाकाबाट मालसामान आयात निर्यात कार्य सुचारु गर्ने। यस सम्वन्धी आवश्यक समन्वय गृह मन्त्रालय र अर्थ मन्त्रालयले गर्ने।

२. अति आवश्यक बैंकिङ सेवा गृह मन्त्रालय र अर्थ मन्त्रालयको समन्वयमा सुचारु गर्ने। खुल्ला राख्नुपर्ने बैंक शाखाको सूची अर्थ मन्त्रालयले गृह मन्त्रालयलाई उपलब्ध गराउने।

३. औषधि, खाद्यवस्तु, पानी, दूध, फलफूल, तरकारी, पशुपन्छी र माछाको दाना, कुखुराका चल्ला ढुवानी गर्ने र फर्केर जाने सवारी साधनलाई सुचारु गर्ने। यस्ता सवारी साधनले यात्रु ओसारपसार गर्न नपाउने।

४. औषधि उत्पादन, ग्याँस बोटलिङजस्ता कार्यमा संलग्न हुने श्रमिकहरूलाई कार्यस्थलसम्म आउन जानका लागि सम्वन्धित उत्पादक संस्थाले सवारी साधनको व्यवस्था गर्ने। गृह मन्त्रालयले सो सवारी साधनका लागि आवश्यक अनुमति दिने।

५. ठूला खाद्य स्टोर तथा पसलहरूले आवश्यक खाद्यवस्तुहरू होम डेलिभरी गर्ने व्यवस्था मिलाउने। यसका लागि गृह मन्त्रालयले सीमित संख्याका सवारी साधनलाई अनुमति दिने।

६. स्थानीय तहले वडास्तरमा दूध, तरकारी, फलफूल लगायत अन्य खाद्यवस्तु बिक्री वितरण गर्ने पसलहरूमा भीडभाड नहुने, मास्क र स्यानिटाइजरको प्रयोग गर्ने र ग्राहकहरूवीच भौतिक दूरी कायम हुने गरी सञ्चालन गर्न सहजीकरण गर्ने।

७. अति आवश्यक परी खाद्यान्न ढुवानी गर्नुपरेमा गृह मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको समन्वयमा हवाई ढुवानी गर्ने व्यवस्था मिलाउने।

८. इन्डक्सन चुल्हो प्रयोग गर्न प्रोत्साहन दिन अर्थ मन्त्रालय र ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयले समन्वय गरी विद्युत महसूल र भन्सार महसूल छुट दिने व्यवस्था मिलाउने।

९. गृह मन्त्रालय र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको स्वीकृतिमा नेपालका विभिन्न स्थानहरूमा रहेका विदेशी नागरिकहरूलाई हवाई उद्धार गरी काठमाडौं ल्याई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट आफ्नो देश फर्की जान सहजीकरण गर्ने। यसरी ल्याइएका विदेशीहरूलाई विमानस्थलबाटै आफ्नो देश फर्की जाने उडानको समय नमिलेको अवस्थामा सो अवधिभर विमानस्थल नजिकको होटेलमा निजहरूकै खर्चमा क्वारेन्टाइनमा राख्ने।

१०. स्थानीय तहहरूले आ-आफ्नो क्षेत्रभित्रका वडाहरूमा तेस्रो मुलुक र भारतबाट आएका व्यक्तिहरूको स्वास्थ्यसम्वन्धी विवरणसहितको अभिलेख प्रत्येक दिन अद्यावधिक गर्ने। स्थानीय स्वास्थ्य संयोजकले कोभिड-१९ को लक्षण देखिएका व्यक्तिहरूको विवरण प्रत्येक

सचिव

मुख्य सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

दिन प्रमुख जिल्ला अधिकारीलाई उपलब्ध गराउने। यस्तो विवरण प्रमुख जिल्ला अधिकारीले राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रमा र सो केन्द्रले आपत्कालीन स्वास्थ्य कार्यसञ्चालन केन्द्रमा प्रत्येक दिन साँझ ६ बजेभित्र पठाउने।

११. प्रदेश र स्थानीय तहहरूले क्वारेन्टाइनको व्यवस्था गरी सञ्चालन गर्ने व्यवस्था मिलाउने।

१२. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा ४ अंकको टोल फ्री टलिफोन सेवा जडान गर्ने व्यवस्था मिलाउने।

१३. सबै स्थानीय तहहरूले आ-आफ्नो क्षेत्रमा अनिवार्य रूपमा Chlorine र Bleaching Powder लगायतका Disinfectant नियमित छर्ने व्यवस्था गर्ने।

१४. विदेशबाट सामान आयात गर्ने कन्टेनर र ट्रकलाई भन्सार बिन्दुमा Disinfect स्प्रे गर्ने व्यवस्था मिलाउने।

१५. औषधि र औषधिजन्य पदार्थ आयात गर्नका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले चार्टर हवाइ सेवाको व्यवस्था मिलाउने।

१६. गृह मन्त्रालयले समग्र परिस्थितिको समीक्षा गरी शान्ति सुव्यवस्था कायम गर्ने।

२०७६।१२।१२
सचिव

मुख्य सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं